# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ७) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल असार ८ गते २०८१ (संख्या २**

## भाग २

## घरवास (होम स्टे) संचालन, प्रवर्द्धन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१

**(गाउँ कार्यपालिकाबाट पारित)**

(गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०१।२९)

**प्रस्तावनाः**

समुदायको संलग्नतामा समुदायका सदस्यले समुदायको लागि समुदायद्धारा गरिने विकासको रुपमा वैतेश्वर गाउँपालिकाले होम स्टे(घरबास) संचालन सम्बन्धी कार्यविधि निर्माण गरेको छ । स्थानीय स्वरोजगारका अवसर सिर्जना गर्न एंव पर्यटनको माध्यमबाट ग्रामीण पर्यटनको विकास, प्रवर्द्धन तथा नियमन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा(७) ले दिएको अधिकार प्रयोग गरी वैतेश्वर गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम प्रारम्भः** (१) यस कार्यविधिको नाम **"घरवास (होम स्टे) संचालन, प्रवर्द्धन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"गाउँपालिका"** भन्नाले वैतेश्वर गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) **"कार्यालय"** भन्नाले वैतेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) **“ऐन”** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(घ) **"शाखा"** भन्नाले वैतेश्वर गाउँपालिकाको प्रशासन शाखा सम्झनु पर्छ ।

(ङ) **"घरवास (होम स्टे)"** भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले, आफ्नै घर वा समुदायमा निजि वा सामुहिक रुपमा संचालन गरिएको घरबास सेवा सम्झनु पर्छ ।

(च) **"सामुदायिक घरवास (होम स्टे)"** भन्नाले ग्रामीण क्षेत्रमा कम्तीमा पाँच वटा अलग अलग स्वामित्व भएका घरधनीले सामुहिक रुपमा व्यवस्थापन गरी संचालन गरेको घरवास (होम स्टे) लाई सामुदायिक घरवास (होम स्टे) सम्झनु पर्छ ।

(छ) **"निजी घरवास (होम स्टे)"** भन्नाले ग्रामीण क्षेत्रमा एकल रुपमा दर्ता गरी निजी स्तरमा संचालित घरवास (होम स्टे) लाई निजी घरवास (होम स्टे) सम्झनु पर्छ ।

(ज) **"घरवास (होम स्टे) व्यवस्थापन तथा संचालन समिति"** भन्नाले दफा ९ बमोजिमको समिति सम्झनु पर्छ।

(झ) **"घरवास (होम स्टे) ईकाइ"** भन्नाले घरवास (होम स्टे) संचालन गर्न व्यवस्थापन समिति अन्तर्गत रहेका प्रत्येक घर सम्झनु पर्छ ।

(ञ) **"पर्यटक"** भन्नाले स्वदेश तथा विदेशबाट घरवास (होम स्टे) मा उपलब्ध सेवा लिन आउने व्यक्तिहरुलाई सम्झनु पर्छ ।

**३. उद्देश्य:** घरबास (होम स्टे) संचालनका मुख्य उद्देश्य देहाय बमोजिम हुनेछन्

(क) ग्रामीण क्षेत्रमा पर्यटन प्रबर्धन गरी त्यसबाट प्राप्त प्रतिफल ग्रामीण समुदाय सम्म पुर्‍याउने,

(ख) ग्रामीण क्षेत्रका जनतालाई पर्यटन व्यवसायमा सहभागी गराई जीवनस्तर सुधार गर्ने,

(ग) घरवास (होम स्टे) को माध्यमबाट ग्रामीण तथा स्थानीयस्तरमा स्वरोजगारको अवसर सृजना गर्ने,

(घ) ग्रामीण पर्यटनलाई सुलभ, सरल सहज वातावरणमा स्थानीय परिकार, रितीरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट सेवा प्रदान गर्ने ।

**४. दर्ता प्रक्रिया:** (१) घरवास (होम स्टे) संचालन गर्न चाहने व्यक्ति वा समुदायले देहाय बमोजिमका कागजात सहित अनुसुची-१ बमोजिमको ढाँचामा पालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको रकमको रसिद काटी गाउँपालिकामा निवेदन दिनु पर्नेछ,-

(क) सामुदायिक घरवास (होम स्टे) को हकमा कम्तीमा पाँच जना घरधनीले आ-आफ्नो घरमा सामुहिक रुपमा घरवास (होम स्टे) संचालन गर्न सहमत भएको लिखित प्रतिवद्धता र वडा कार्यालयको सिफारिस तथा निजी घरवास (होम स्टे) का लागि सम्बन्धीत वडा कार्यालयको सिफारिस तथा अनुसूचि-५ बमोजिमको विधान २ प्रति,

वैतेश्वर राजपत्र

(ख) जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ति एकिन हुने प्रमाण वा मञ्जुरीनामा वा भाडामा लिएको भए सो को सम्झौताको प्रतिलिपि,

(ग) घरवास (होम स्टे) संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि गाउँपालिका प्रमुखले तोकेको प्रतिनिधिको संयोजकत्वमा सम्बन्धित वडाको वडाध्यक्ष, स्वास्थ्य, कृषि र योजना हेर्ने कर्मचारी समेतको पाँच सदस्यीय समितिले निर्णय गरी अनुसूची-२ बमोजिमको मापदण्ड पूरा भए नभएको बारे पालिकाको कार्यालयमा १५ दिन भित्र प्रतिवेदन दिनु पर्नेछ । समितिले आफ्नो कामको सम्बन्धमा आवश्यक्तानुसार विज्ञहरुको सहयोग लिन सक्ने छ ।

(२) उपदफा (२) बमोजिमको निरिक्षणबाट तोकिएको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमा गाउँपालिकाको कार्यालयले सात दिनभित्र दर्तागरि अनुसूची-३ बमोजिमको ढाँचामा घरवास (होम स्टे) संचालन प्रमाणपत्र दिइनेछ

(३) मापदण्ड पूरा नगरेकाको हकमा आवश्यक सुधार गर्न समय दिई पुन स्थलगत निरिक्षण गरी उपदफा (४) बमोजिम दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

**५. घरवास (होम स्टे) दर्ताका लागि न्यूनतम मापदण्डहरु:** (१) घरवास (होम स्टे) दर्ताका लागि देहाय बमोजिमका न्यूनतम मापदण्ड पुरा गर्नुपर्नेछ ।

(क) पाहुनाको लागि हरेक घरमा दुई बेड भएको कम्तिमा एक र बढीमा चारकोठा मात्र राख पाईनेछ ।

(ख) सफा भान्छा शौचालय र स्नान गृहको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ ।

(ग) घरायसी र वातावरणीय सरसफाइको राम्रो व्यवस्था हुनुपर्ने र फोहोरमैला व्यवस्थापनका लागि कुहिने तथा नकुहिने फोहरको छुट्टाछुट्टै व्यवस्था भएको हुनुपर्ने ।

(घ) सेवा, सुविधा र गुणस्तरका आधारमा खानपानका वस्तुहरु र आवासको आधारमा औचित्यपुर्ण मुल्य सहितको मेनुको व्यवस्था भएको हुनुपर्ने ।

(ङ) संचारका न्यूनतम सुविधाहरु जस्तै टेलिफोन वा ईन्टरनेटको व्यवस्था भएको हुनुपर्ने ।

(च) घरको वरिपरि सिजन अनुसारका फलफूल र जैविक मल प्रयोग गरिएको करेसाबारी हुनुपर्ने।

(२) घरवास (होम स्टे) दर्ताको लागि आवश्यक अन्य मापदण्ड अनुसूची-२ बमोजिम हुनेछ ।

**६. घरवास (होम स्टे) वर्गीकरण:** यस कार्यविधिको अनुसूची मा उल्लेखित मापदण्ड पूरा गरी अलग-अलग स्वामित्व भएका कम्तीमा पाँच वटा घरधनीले सामुहिक व्यवस्थापन गरी संचालन गरेको घरवास (होम स्टे) लाई सामुदायिक घरवास (होम स्टे) ग्रामीण घरवास (होम स्टे) र ग्रामीण क्षेत्रमा कुनै व्यक्तिले एकल रुपमा दर्ता गरी निजीस्तरमा संचालित घरवास (होम स्टे) लाई निजीघरवास (होम स्टे) को रुपमा वर्गीकरण गरिएको छ ।

**७. घरवास (होम स्टे) का मुख्य पर्यटकीय क्रियाकलापः**

(१) घरवास (होम स्टे) संचालकले मनोरञ्जनका लागि पाहुनाको चाहाना अनुसार स्थानीय क्षेत्रमा संचालन हुने सास्कृतिक कार्यक्रम र परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इकोट्रेक, कृषि फर्म अवलोकन, अध्ययन तथा सिकाइ केन्द्र संग्रहालय, दृष्यावलोकन आदि जस्ता मुख्य पर्यटकीय क्रियाकलापको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक घरवास (होम स्टे) ले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नुपर्नेछ ।

(क) स्थानीय प्रचलन अनुसार फूलमालाका साथ पर्यटक स्वागत र बिदाईको व्यवस्था गर्ने ।

(ख) पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउमा मौलिक परम्पराको संस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुति, मेला, जात्रा जस्ता गतिविधीहरु आयोजना गरी सहभागी गराउने।

(ग) सांस्कृतिक सम्पदा, संग्रहालय, घरेलु तथा हस्तकला सामग्री उत्पादन केन्द्र, रमणीय निकुञ्ज क्षेत्रको दृश्यावलोकन, सामुदायिक वन, वन्यजन्तु तथा चरा अवलोकन आदिको व्यवस्था ।

(घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रवर्धनमा सहभागी गराई पर्यटक तथा स्थानीय जातजातीको जिवनशैली ।

कला संस्कृति, भाषा, भेषभुषा आदि विषयमा अवलोकन, अनुभव तथा ज्ञानको आदान प्रदान गराउने।

(ङ) घरवास (होम स्टे) मा बस्ने पर्यटकहरुलाई गाउँ घरमा उत्पादित स्थानीय मौलिक तथा प्राङ्गारिक खाना खुवाई फरकपनको अनुभूती दिने ।

(च) पर्यटकलाई घरवास (होम स्टे) मा रहँदा उत्कृष्ट आतिथ्यता सहित र पारिवारिक वातावरणमा बसिरहेको अनुभव दिलाउने ।

(छ) स्थानीय उत्पादन र संस्कृति झल्कने मायाको चिनो र फूलमाला सहित पर्यटकलाई विदाई गर्ने।

(ज) पर्यटक घरवास (होम स्टे) बाट बिदाइ भएपछि एकपटक उनीहरु गन्तव्यमा पुगे नपुगेको जानकारी लिने।

**८. घरवास (होम स्टे) ले दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरु**

घरवास (होम स्टे) सञ्चालकले पुरा गर्नुपर्ने अन्य मापदण्डहरु देहाय बमोजिम हुनेछनः-

(क) सुरक्षा निकायसँग समन्वय गरी पर्यटक सुरक्षाको व्यवस्था मिलाउनु पर्ने ।

(ख) पर्यटकको स्वास्थ्यको स्थिति पूर्व जानकारी लिई सोही बमोजिमको खानपानको व्यवस्था गर्नु पर्ने, ।

(ग) पर्यटकको तथ्याङ्क व्यवस्थित गरी राखु पर्ने ।

(घ) घरवास (होम स्टे) मा आउने पर्यटकलाई सम्भव भएसम्म प्राकृतिक चिकित्सा सांस्कृतिक मनोरञ्जन, प्राकृतिक सम्पदाको दृष्यावलोकन गतिविधिहरु संचालन गरी बसाईका दिन लम्ब्याउन पहल गर्नुपर्ने ।

(ङ) घरवास (होम स्टे) सम्म पर्यटक आवागमनका लागि सहज सडक र उपयुक्त पार्किङको समेत व्यवस्था गरेको हुनुपर्नेछ ।

**९.घरवास (होम स्टे) व्यवस्थापन तथा संचालन समितिः**

(१) सामुदायिक घरवास (होम स्टे) सञ्चालन गर्नका लागि संचालकले साधारण सभा गरी पदाधिकारीहरु मध्येमा कम्तिमा १ (एक) सहित ३३% प्रतिशत महिला सहभागितामा देहाय बमोजिमको घरवास (होम स्टे) व्यवस्थापन तथा सञ्चालन समिति गठन गर्नु पर्नेछ :-

(क) समुदायका सदस्यहरुबाट एक जना - अध्यक्ष

(ख) समुदायका सदस्यहरुबाट एक जना - सचिव

(ग) समुदायका सदस्यहरुबाट एक जना - कोषाध्यक्ष

(घ) समुदायका सदस्यहरुबाट २ जना - सदस्य

(२) घरवास (होम स्टे) मा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप २ जना सम्म सदस्यको चयन गर्न सक्नेछ ।

(३) घरवास (होम स्टे) व्यवस्थापन तथा संचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पर्यटकीय क्रियाकलापहरु र पर्यटक र संचालकहरुले पालना गर्नुपर्ने आचारसंहिता कार्यान्वयन गर्ने/गराउने ।

(ख) आगन्तुक पाहुनाको स्वागत तथा आवासको व्यवस्था मिलाउने ।

(ग) पाहुनाको दर्ता तथा रेकर्डको व्यवस्था गर्ने ।

(घ) आय-व्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने।

(ङ) घरवास (होम स्टे) तथा घरवास (होम स्टे) क्षेत्रको सरसफाइ तथा अन्य व्यवस्थापन पक्षको नियमित अनुगमन गर्ने ।

(च) स्थानीय पर्यटन प्याकेजहरुको निर्माण र प्रचार-प्रसार गर्ने ।

(छ) स्थानीय प्रविधि, ज्ञान, सीप, वातावरण, परम्परा, शैली, भाषा, भेषभुषा, कला तथा सांस्कृतिक संरक्षण गर्ने।

(ज) सांस्कृतिक कार्यक्रमहरुको प्रवर्द्धन/व्यवस्थापन गर्ने ।

(झ) पाहुनाको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाको व्यवस्थापन र समन्वय गर्ने ।

(ञ) घरवास (होम स्टे) जाने पथचिन्ह (साइनेज) तथा लोकेसन म्याप तयार गरी आवश्यक स्थानमा राख्ने ।



वैतेश्वर राजपत्र

(ट) पर्यटक आवास गृहमा उपलब्ध हुने सेवा, सुविधाको गुणस्तरका आधारमा मेनु/मुल्य निर्धारणमा एकरुपता कायम गर्ने ।

(ठ) प्रत्येक आर्थिक बर्ष समाप्त भएको पैतीस दिनभित्र पाहुना संख्या, प्रमुख क्रियाकलाप आय तथा व्यय देखिने वार्षिक प्रतिवेदन वैतेश्वर गाउँपालिकाको कार्यालयमा पेश पर्ने ।

(ड) अनुसूची-४ बमोजिमको सूचना पाहुनाले देखे स्थानमा राखु पर्ने ।

(ढ) घरवास (होम स्टे) विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि अध्ययन, अवलोकन भ्रमण जस्ता कार्य गर्ने ।

(ण) घरवास (होम स्टे) को विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

(त) सामुदायिक घरवास (होम स्टे) मा सदस्य थप गर्नु पर्ने भएमा सोको अनुमतिका लागि आवश्यक कागजात सहित गाउँपालिकामा अनुरोध गर्ने ।

**१०. घरवास (होम स्टे) प्रवर्द्धन, नियमन तथा अनुगमन समितिः** (१) गाउँपालिकाबाट घरवास (होम स्टे) को माध्यमबाट पर्यटन विकास र प्रवर्द्धनमा टेवा पुर्याउनको लागि तपसिल बमोजिमको घरवास (होम स्टे) नियमन, प्रवर्द्धन तथा अनुगमन समिति गठन गरिनेछ ।

**तपसिल**

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| गाउँ कार्यपालिका सदस्यहरुबाट १ जना | - सदस्य |
| घरवास (होम स्टे) संचालकहरु मध्ये (पालिकाबाट मनोनित) १ महिला सहित २ जना | - सदस्य |
| होटल व्यवसायी मध्येबाट मनोनित १ जना | - सदस्य |
| पर्यटन व्यवसायी मध्ये (पालिकाबाट मनोनित) १ जना | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी १ जना | - सदस्य सचिव |

(२) घरवास (होम स्टे) प्रवर्द्धन, नियमन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिका क्षेत्रमा भएका घरवास (होम स्टे) व्यवस्थापन समिति र संचालकहरुवीच समन्वय र सहजीकरण गर्ने ।

(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने ।

(ग) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने ।

(घ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने ।

(ङ) पर्यटकको संचार तथा सुरक्षामा समस्या देखिएमा सहयोग गर्ने ।

(च) गाउँपालिका क्षेत्रमा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने र अभिलेख व्यवस्थित गर्ने ।

वैतेश्वर राजपत्र

(छ) स्थानीय कृषि उत्पादन प्रयोग गर्ने तथा प्राङ्गारिक कृषि प्रवर्द्धन गर्न स्थानीय कृषि जैविक प्रविधिमा सहयोग पुर्याउने ।

**११. पर्यटन पूवार्धार विकास योजनामा सहयोग सम्बन्धी व्यवस्था:** घरवास (होम स्टे) मा पर्यटन पूर्वाधार विकास तथा संरक्षण सम्वन्धी योजनामा गाउँपालिकाले आर्थिक तथा प्राविधिक सहयोग गर्न सक्नेछ, थप सहयोगका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

(क) गाउँपालिकाभित्र घरवास (होम स्टे) सञ्चालन हुने घरहरूको संख्याका आधारमा समानुपातिक रुपमा श्रोतको वितरण गरिनेछ । तर नयाँ स्थानमा होमस्टे सञ्चालन गर्न आवश्यक देखिएमा थप सहयोग गर्न यस धाराले कुनै फरक पर्ने छैन ।

(ख) पर्यटकको आगमन संख्या, होमस्टे सञ्चालनको अवस्था, पूर्वाधार निर्माणको अवस्था लगायतका विषयलाई मध्य नजर गरी पालिकाले होमस्टेलाई आफै सहयोग गर्ने वा अन्य निकायहरुमा सहयोगका लागि सिफारिस गर्नेछ ।

(ग) घरवास (होम स्टे) कार्यक्रम सञ्चालन गर्दा गाउँपालिकाको कार्यालयले ४० (चालिस) प्रतिशतसम्म अनुदान सहयोग गर्न सक्नेछ ।

**१२. अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्था:**

(१) गाउँपालिका वा तोकिएको निकायले आवश्यक्तानुसार समय समयमा घरवास (होम स्टे) व्यवस्थापन तथा संचालन समितिका कार्यहरु तथा प्रत्येक घरवास (होम स्टे) को अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ ।

(२) गाउँपालिका वा तोकिएको निकायबाट हुने अनुगमन तथा निरीक्षण कालमा तोकिएको मापदण्ड पूरा नगर्ने घरवास (होम स्टे) लाई मनासिव माफिकको म्याद दिई मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका घरवास (होम स्टे) लाई खारेज (गर्न सक्नेछ ।

(४) कुनै घरवास (होम स्टे) संचालकले मापदण्ड पालना नगरेको वा सो सम्बन्धी गुनासो आएमा गाउँपालिकाबाट कुनै पनि समयमा निरीक्षण गरी आवश्यक निर्देशन गर्न सक्नेछ । सो निर्देशनको पालना गर्नु घरवास (होम स्टे) संचालकको कर्तव्य हुनेछ ।

(५) घरवास (होम स्टे) व्यवस्थापन समिति वा संचालकले घरवास (होम स्टे) प्रवर्द्धन तथा व्यवस्थापनका लागि कुनै पनि प्रकारको सहयोग लिनु पर्ने भएमा गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

**१३. नवीकरण:** (१) सामुदायिक तथा निजी घरवास (होम स्टे) सञ्चालकले देहाय बमोजिमको कागजात संलग्न गरी हरेक वर्ष घरवास (होम स्टे) नविकरणको लागि गाउँ कार्यपालिकाको कार्यालयमा व्यवसाय करको भुक्तान गरी नविकरण गर्नुपर्नेछ ।

(क) नविकरण अवधिसम्मको लेखा परीक्षण प्रतिवेदन र घरवास (होम स्टे) ले पर्यटकलाई प्रदान गरेको सेवाको विवरण ।

(ख) सामुदायिक घरवास (होम स्टे) को हकमा घरवास (होम स्टे) व्यवस्थापन तथा संचालक समितिको प्रगति प्रतिवेदन (पर्यटन पूर्वाधार विकास कार्यक्रम संचालन गरेको भए सो को समेत प्रगति विवरण) ।

(ग) प्रत्येक होमस्टेले हरेक वर्ष आर्थिक बर्ष समाप्त भएको छ महिना भित्र होमस्टे नविकरणको लागि वैतेश्वर गाउँपालिकाको कार्यालयमा रु. ५००/- दस्तुर तिरी देहाय बमोजिमको कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(घ) विगतको बर्षको आय-व्यय र होम स्टेले प्रदान गरेको सेवा सुविधा तथा पर्यटक आगमनको लगत विवरण ।

(ङ) सामुदायिक होम स्टेको हकमा होम स्टे व्यवस्थापन समितिको प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिमको नविकरणको लागि निवेदन पर्न आएमा कार्यालयले सम्बद्ध होमस्टेको निरीक्षण गरी मापदण्ड पुरा भएको हकमा नविकरण गर्नेछ । मापदण्ड पुरा नभएका होमस्टेको हकमा कार्यालयले नविकरण गर्ने छैन ।

**१४. प्रचार प्रसार तथा बजारीकरणः** घरवास (होम स्टे) को होर्डिङ बोर्ड, साइनबोर्ड, ब्रोसियर, पोष्टर, सिडी जस्ता प्रचार-प्रसारका सामग्रीहरुको उत्पादन, वेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैरआवासीय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरुलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा बिक्रि जस्ता कृयाकलापहरु, पर्यटन सम्बन्धी कार्यालय तथा संस्था र गाउँपालिका, निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य गरी घरवास (होम स्टे) को प्रचार-प्रसार तथा बजारीकरण गर्न सक्ने छ ।

**१५. गाउँपालिकाबाट सहयोग र समन्वयः** गाउँपालिकाले होम स्टे सञ्चालन, ब्यवस्थापनको अवस्था हेरी लागत सहभागितामा वा गाउँपालिकाको मात्र लागतमा देहाय अनुसारको क्षेत्रमा सहयोग तथा समन्वय गर्न सक्नेछ।

(क) जिल्ला, प्रदेश, संघबीच समन्वय र सहजीकरण कार्य गर्ने ।

(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने ।

(ग) पर्यटकलाई स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने ।

(घ) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने ।

(ङ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने, निर्माण, संरक्षण, मर्मत सम्भार तथा जिर्णोद्वार गर्ने ।

(च) होम स्टे सञ्चालन सम्बन्धी आधारभूत तालिम सञ्चालन गर्ने ।

वैतेश्वर राजपत्र

**<u>१६. विविधः</u>** (१) गाउँपालिका भित्रका प्रसिद्ध धार्मिक तिर्थस्थलमा दर्शनको लागि आउने दर्शनार्थी तथा तिर्थालुहरु एंव जैविक क्षेत्रको अवलोकन गर्न आउने पर्यटकको बसोवास र खानपिनको बन्दोवस्त मिलाउन घरवास (होम स्टे) संचालनको लागि स्थानीय समुदाय समेतको सहभागितामा अनुरोध भएमा निश्चित समयको लागि व्यवस्थापन अनुमति दिन सक्नेछ ।

(२) घरवास (होम स्टे) मा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको वीमा गराउने जिम्मेवारी सम्बन्धीत ट्राभल एजेन्सीको हुनेछ । व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा बिमा गर्ने जिम्मेवारी सम्बन्धीत पर्यटकको नै हुनेछ ।

(३) घरवास (होम स्टे) संचालन गर्ने संचालकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नु पर्नेछ ।

(४) विभिन्न संघ सस्था र कार्यालयको समन्वयमा घरवास (होम स्टे) संचालन सम्बन्धी आधारभूत तथा विशिष्टिकृत तालिम प्राप्त गर्न सक्नेछ ।

(५) पर्यटकीय गतिविधिमा नै असर पर्ने गरी नाजायज काम ठगी, चोरी, महिला हिंसा र अमानबीय व्यवहार गरेको भनी कुनै पर्यटकबाट निवेदन पर्न आए सो कसुर ठहर भएमा वा अनुगमनको क्रममा प्रमाणित भएमा त्यस्तो निजी घरवास (होम स्टे) वा सामुदायिक घरवास (होम स्टे) को सदस्यलाई पुनः घरवास (होम स्टे) संचालन गर्न नपाउने गरी निजको दर्ता खारेज गर्न सकिनेछ।

**<u>१७. बचाउ</u>**

(क) यसमा उल्लेख नभएका अन्य व्यवस्था गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(ख) गाउँ कार्यपालिकाले यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

(ग) यस अघि होम स्टे दर्ता, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा भए गरेका काम कारवाहीहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

वैतेश्वर राजपत्र

**अनुसूची - १**

**(दफा ४ को उपदफा (१) संग सम्बन्धित)**

**घरवास (होम स्टे) दर्ताका लागि दिइने निवेदन**

वैतेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पाँडुडाँडा दोलखा ।

म/हामीहरुले ................ वडा नं. टोल/गाँउ ...........................................मा संचालन गर्न लागेको घरवास (होम स्टे) लाई घरवास (होम स्टे) संचालन कार्यविधि, २०८१ बमोजिम सामुदायिक/निजी घरवास (होम स्टे) को रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु/गर्दछौं । घरवास (होम स्टे) संचालन, प्रवर्द्धन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१ को अधिनमा रही आफ्नो घरवास (होम स्टे) संचालन गर्नेछौं ।

**संलग्न कागजातः**

१. घरवास (होम स्टे) संचालन गर्ने निवेदकको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

२. घरवास (होम स्टे) संचालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ति झल्कने प्रमाण वा मज्जुरीनामा तथा भाडामा लिएको भए सोको संझौताको प्रतिलिपि वा स्थायी रुपमा बसोबास गरेको भन्ने वडा कार्यालयको सिफारिस ।

३. प्रत्येक घरधनीले घरवास (होम स्टे) संचालन गर्न मज्जुर गरेको कागजात सहित घरवास (होम स्टे। व्यवस्थापन तथा संचालक समितिको निर्णयको प्रतिलिपी ।

४. व्यवस्थापन समिति गठन तथा दर्ता गर्ने सम्बन्धी स्थानीय भेलाको निर्णय ।

५. सम्बन्धित वडाको सिफारिस ।

६. प्रशिक्षण लिएको भए सो प्रमाण-पत्रको प्रतिलिपि ।

७. घरवास (होम स्टे) संचालन सम्बन्धी विधान ।

८.घरवास (होम स्टे) (दर्ता हुने व्यक्तिहरुको) विवरण ।

| क्र.स. | संचालकको नामथर | ठेगाना |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

नोटः सामुदायिक घरवास (होम स्टे) को हकमा घरवास (होम स्टे) व्यवस्थापन तथा संचालन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनुपर्नेछ ।

निवेदकको नाम थरः

ठेगानाः......................

मितिः-------------------

**अनुसूची-२**

**(दफा ५ को उपदफा (२) संग सम्बन्धित)**

**घरवास (होम स्टे) संचालनका आधारभूत मापदण्ड**

**१. घरवास (होम स्टे)का लागि घर, कोठा र बिस्तारा:**

(क) सहज पहुँचका लागि बाटोको प्रवन्ध भएको घरहरु मौलिक संस्कृति झल्कने र हावा हुरी, जंगली जनावर आदिबाट सुरक्षित हुनुपर्ने, खुला, हिलो तथा धुलो रहित सफा सुग्घर हुनुपर्नेछ ।

(ख) घरवास (होम स्टे) मा पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनुपर्नेछ ।

(ग) घरवास (होम स्टे) संचालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सक्नेछ ।

(घ) एउटा कोठामा बढीमा २ वटा मात्र ओछ्यान रहनु पर्नेछ । ओछ्यान कम्तीमा ६.५ फिट लम्बाई र ३ फिट चौडाईको हुनुपर्नेछ ।

(ङ) भुईमा कार्पेट, राडी वा सफा गुन्द्री ओछ्याईएको हुनुपर्नेछ ।

(च) ढोकामा खुट्टा पुछ्ने बोरा वा डोरम्याट भएको हुनुपर्नेछ ।

(छ) नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएका ओढ्नेको व्यवस्था हुनुपर्नेछ ।

(ज) भित्तामा वा ढोकाको पछाडिपट्टि लुगा झुण्याउने व्यवस्था भएको हुनुपर्नेछ ।

(झ) कोठामा विजुली बत्तिका अतिरिक्त वैकिल्पक उर्जा समेतको व्यवस्था हुनुपर्नेछ ।

(ञ) सुत्ने कोठामा धुँवा आउने हुनु हुदैन । भान्सा कोठा र भुईं कोठा पर्यटक सुताउनका लागि प्रयोग हुनुहुँदैन।

(ट) सुत्ने कोठामा धार्मिक, साँस्कृतिक परम्परा, जैविक विविधता झल्कने खालका तस्विरहरु राख्नु पर्नेछ ।

(ठ) फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) को व्यवस्था हुनुपर्नेछ ।

(ड) प्रत्येक पाहुनाका लागि एक जोर चप्पलको व्यवस्था हुनुपर्नेछ ।

(ढ) भित्तामा एउटा अर्धकद देखिने ठूलो ऐना झुण्डाईएको हुनुपर्नेछ ।

(ण) सम्भव भएसम्म सुत्ने कोठामा नयाँ टेवल राख्नु राम्रो हुनेछ ।

(त) सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुनेछ ।

(थ) पर्यटकले देख्ने ठाउँमा त्यस घरवास (होम स्टे) का फरक खालका विशेषता र धार्मिक, ऐतिहासिक तथा रमणीय स्थानको बारेमा जानकारी दिने बोर्ड राख्नु राम्रो हुनेछ ।

(द) पर्यटकले पालना गर्नुपर्ने अनुसूची-४ बमोजिमका आचार संहिता प्रष्ट देखिने गरी उपयुक्त स्थानमा टाँस्नु पर्नेछ र सो आचार संहिताको बारेमा पाहुनालाई शुरुमा नै जानकारी दिनुपर्नेछ ।

(ध) मेनुमा उल्लेख भए बाहेकका अन्य क्रियाकलाप/सेवामा पर्यटकहरुलाई अतिरिक्त शुल्क तिर्न बाध्य पार्न हुँदैन ।

**२. शौचालय र स्नान घरः**

(क) सुविधायुक्त र सफा शौचालय हुनु पर्नेछ ।

(ख) घरवास (होम स्टे) संचालन गर्ने घर वा समुदायले नुहाउनका लागि सुविधायुक्त र सफा स्नानघरको व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) स्नान घरमा पानीको बाल्टी, मग, सावुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनु पर्नेछ।

**३. भान्छा कोठा र खाना खाने व्यवस्थाः**

(क) पाहुना राख्ने घर/कोठा नजिक गाई, भैसी अथवा भेंडा बाख्रा, सुँगुर, कुखुरा आदि बाँध्न वा पाल्न पाइने छैन ।

(ख) धेरै धुँवा नहुने भान्छा (उन्नत वा सुधारिएको चुलो) भएको हुनुपर्नेछ ।

(ग) पानीको सुविधा मिलाउनु पर्ने र खानेपानी फिल्टर गरेर वा उमालेर मात्र दिने गर्नुपर्नेछ ।

(घ) स्थानीय खानाका परिकारहरुलाई स्वस्थकर ढंगले पकाउने र खुवाउने प्रवन्ध मिलाउनु पर्नेछ ।

(ङ) सानो डाइनिङ्ग टेवलको पनि प्रवन्ध भए राम्रो हुनेछ ।

(च) खानाको परिकारको विवरण तथा मूल्य निर्धारण गरिएको मेनु भएको हुनु पर्नेछ ।

(छ) होमस्टे सञ्चालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ ।

**४. स्वास्थ्य, सरसफाई तथा सुरक्षाः**

(क) वास वस्ने कोठा तथा सुत्ने विस्तारामा किरा, लामखुट्टे आदिबाट सुरक्षित भएको हुनुपर्नेछ ।

(ख) सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनुपर्ने, खुल्ला नाली र ढल नभएको हुनुपर्नेछ ।

(ग) वातावरण मैत्री, कृषि, पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, फूलबारी र वृक्षारोपण गरी हरियाली हुनुपर्नेछ ।

(घ) पर्यटकका लागि सेनेटरी प्याड र सोको व्यवस्थापन गर्ने ठाउँ भएको हुनुपर्नेछ ।

वैतेश्वर राजपत्र

अनुसूची-३

(दफा ४ को उपदफा (३) संग सम्बन्धित)

घरवास (होम स्टे) दर्ता प्रमाणपत्र

वैतेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पाँडुडाँडा, दोलखा

दर्ता नं. ................मिति........................

घरवास (होम स्टे) संचालन प्रमाणपत्र

.................................................. लाई घरवास (होम स्टे) संचालन, प्रवर्द्धन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१ मा व्यवस्था भए अनुसार सामुदायिक / निजी घरवास (होम स्टे) का रुपमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

१. सदस्यको नामः

२. ठेगानाः

३. अवधिः

HOME STAY OPERATION CERTIFICATE

........................................................Homestay is registered /renewed as a Community/Private Homestay under Homestay Operation Procedures, 2081 B.S.

1. Name of the owner:

2. Address of the owner:

3. Valid up to:

शर्तहरु

- व्यवस्थापन तथा संचालन समितिसंग समन्वय गरी पर्यटकहरुलाई बसोबासको व्यवस्था गर्नुपर्नेछ ।
- चलन चल्तीको वा निर्धारित मूल्यभन्दा बढी मूल्य लिनु हुदैन ।
- स्थानीय सामाजिक/सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन ।
- यो प्रमाणपत्र तथा अनुसूची-४ बमोजिमको आचार संहिता सबैले देख्ने स्थानमा राखुपर्नेछ ।
- व्यवस्थापन तथा संचालन समितिसंग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनुपर्नेछ ।
- यो प्रमाणपत्र एक-एक वर्षमा नविकरण गराउनु पर्नेछ ।

**अनुमतिपत्र प्रदान गर्ने अधिकृतको**

नामः

दर्जाः

दस्तखत.................

मिति..........................

अनुसूची - ४

(दफा ९ को उपदफा (३) खण्ड (ड) संग सम्बन्धित)

**Code of Conduct for the Visitors (आचार संहिता)**

The home Stay visitors are expected to abide the following points: पर्यटकहरूले निम्न लिखित आचार संहिताको पालना गर्नुपर्नेछ

1. Do not pressure the owner for food, beverage and facilities not available at home stay (घरवास (होम स्टे) मा उपलब्ध हुन नसक्ने खाना, पेय पदार्थ र सुविधाबारे संचालकलाई दबाव दिन पाइनेछैन) ।

2. Do not disturb people at home or outside (घरवास (होम स्टे) र छिमेकीलाई असर पर्नेगरी हो-हल्ला गर्न पाइनेछैन) ।

3. Do not offer anything to the people beyond one's capacity (घरवास (होम स्टे) संचालकको क्षमता बाहिरको सेवा सुविधा माग गर्न पाइने छैन) ।

4. Beware of doing any behavior (such as sexual activities or sexual harassment) which is impermissible to the local socio-cultural values (सामाजिक मूल्य मान्यता, धर्म संस्कृतिको हिसावले नपच्ने व्यवहार, गतिविधि, यौनजन्य हिंसा गर्न पाईने छैन) ।

5. Respect to the rites and rituals of the local people; wear such clothes that are permissible to the community (स्थानीय समुदायको रितिरिवाजलाई सम्मान गर्नुपर्नेछ र समुदायमा सहज हुने कपडाहरू लगाउनु पर्नेछ) ।

6. Do not impress the owner or other people for doing immoral or illegal activities; respect to the household routine for entrance and exit (अनैतिक र गैरकानुनी क्रियाकलाप गर्न समुदायलाई दबाव दिन हुदैन) । 7. Supply and use of narcotics or any forms of psychotropic drugs at home or outside is strictly prohibited (कुनै प्रकारका लठ्याउने प्रकारका लागुपदार्थहरू प्रयोग गर्न र बिक्री वितरण तथा ओसार-पसार गर्न सख्त मनाही छ) ।

8. Respect to the biodiversity and ecology of the environment (जैविक विविधता र वातावरणीय परिस्थितिलाई सम्मान गर्नुहोस) ।

अनुसुचि-५

(दफा ४ (१) सम्बन्धित)

वैतेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

पाँडुडाँडा, दोलखा

**होम-स्टेको बिधानको ढाँचा**

**परिच्छेद-१**

**१. प्रारम्भिक**

(क) होम स्टेको नामः

(ख) होम स्टेको कार्यालय रहने ठेगानाः

(ग) होमस्टेको कार्यक्षेत्रः

(घ) प्रारम्भः

**२. परिभाषाः विषय वा प्रसंगले अकी अर्थ नलागेमा यस विधानमा**

(क) विधान भन्नाले............................................ लाई बुझाउछ ।

(ख) "होम स्टे" भन्नाले........................................ लाई बुझाउछ ।

(ग) "समिति" भन्नाले यस विधान बमोजिम बसेको दफा १३ बमोजिम गठित कार्य समितिलाइ जनाउछ ।

(घ) "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाइ समेत जनाउछ ।

(ङ) "नियम विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउछ ।

(च) "स्थानीय अधिकृत" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई जनाउछ ।

(छ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यो बिधान र विधान अन्तर्गत बनेका नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "स्थानीय तह" भन्नाले वैतेश्वर गाउँपालिकालाई जनाउँछ ।

(झ) "होम स्टे इकाइ" भन्नाले होम स्टे सञ्चालन गर्न व्यवस्थापन समिति अन्तर्गत रहेका प्रत्येक घर सम्झनु पर्छ ।

(ञ) होम स्टे क्षेत्र भन्नाले साधारण सभा वा व्यवस्थापन समितिले निर्णय गरी तोकेको, बढाएको वा घटाएको चार किल्ला तोकेको क्षेत्र सम्झनु पर्छ ।

३. संस्थाको छापः संस्थाको छाप............................................... हुनेछ।

**परिच्छेद-२**

४. उद्देश्य
५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु

**परिच्छेद-३**
**सदस्यता**

६. साधारण सदस्य
७ सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता
८. सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था
९. सदस्यताको समाप्ति

**परिच्छेद-४**
**साधारण सभा, कार्य समिति**

१०. सञ्चालन तथा व्यवस्थापन समितिको गठन
११. सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार
१२. पद त्याग गर्न सक्ने
१३. अन्य समितिहरु
१४. पदाधिकारिको काम, कर्तव्य र अधिकार
१५. गणपुरक संख्या

**परिच्छेद-५**
**विविध**

१६. संस्थाको कोष
१७. खाता सञ्चालन
१८. होम स्टेको खर्च गर्ने तरिका
१९. होम स्टेको लेखा र लेखा परीक्षण
२०. निर्वाचन सम्बन्धी व्यवस्था
२१. उम्मेदवार हुन योग्यता
२२. अविश्वास प्रस्ताव

वैतेश्वर राजपत्र

२३. विधान संशोधन
२४. विनियम बनाउन सक्ने
२५. कर्मचारीको व्यवस्था
२६. संस्थाको विघटन
२७. व्याख्या
२८. गोप्यता भंग गर्न नहुने
२९. ऐन अनुसार हुने
३०. निर्देशनको पालना
३१. तदर्थ समितिः

आज्ञाले
ऋषिराम ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

वैतेश्वर राजपत्र